Global Coalition to **Protect Education from Attack**

GCPEA

सुरक्षित विद्यालय घोषणापत्र सम्बन्धी प्रश्न र उत्तर

सुरक्षित विद्यालय घोषणापत्र भनेको के हो?

सुरक्षित विद्यालय घोषणापत्र भनेको सशस्त्र द्वन्द्वका बेला विद्यार्थी, शिक्षक, विद्यालय र विश्वविद्यालयहरूको संरक्षण गर्न, सशस्त्र द्वन्द्वका बेला शिक्षाको निरन्तरताको महत्त्वप्रति समर्थन व्यक्त गर्न, तथा विद्यालयहरूलाई सैन्य प्रयोजनमा ल्याउनबाट रोक्नका लागि ठोस उपायहरूको समर्थन अभिव्यक्त गर्न देशहरूलाई अवसर उपलब्ध गराउने एउटा अन्तरदेशीय राजनीतिक प्रतिबद्धता हो।

मे २०१७ मा **संयुक्त राष्ट्रसंघका महासचिव** एन्टोनियो गुटेरस ले राष्ट्रसंघीय सुरक्षा परिषद्मा प्रस्तुत सशस्त्र द्वन्द्वमा नागरिकहरूको संरक्षण विषयक प्रतिवेदनमा सबै सदस्य राष्ट्रहरूलाई सुरक्षित विद्यालय घोषणापत्रलाई अनुमोदन गर्न आग्रह गर्नुभयो।

यो घोषणापत्रको विकास २०१५ को प्रारम्भमा जेनेभामा नर्वे र अर्जेन्टिनाले नेतृत्व गरेको प्रक्रियामा राष्ट्रहरूसँगको परामर्शमा भएको थियो र यसलाई सुरक्षित विद्यालयका लागि ओस्लो कन्फरेन्समा २०१५ मे २९ मा समर्थनका लागि खुला गरिएको थियो।

संयुक्त राष्ट्रसंघका पूर्व महासचिवका **सशस्त्र द्वन्द्व र बालबालिकाको मामिला हेर्ने विशष प्रतिनिधि** लेइला जेरोगीले सुरक्षित विद्यालय घोषणापत्रलाई मार्च २०१७ मा सकिएको आफ्नो कार्यकालको सबभन्दा ठूला उपलब्धि मध्ये भएको बताउनुभयो।

द्वन्द्वको अवस्थामा शिक्षाका फाइदाहरू के के हुन्?

सुरक्षित विद्यालयहरूले जीवन-रक्षक सूचनाहरू उपलब्ध गराउँछन्, युद्धको मनोसामाजिक असरलाई कम गराउँछन्, र बालबालिकालाई बेचबिखन, यौन हिंसा तथा सैन्य समूहमा भर्ती, आदिबाट जोगाउन सक्छन् । शिक्षामा व्यवधान भयो भने विद्यालयहरू खुलेपछि पनि बालबालिकाहरू विद्यालय फर्किने सम्भावना कम हुन जान्छ, जसले दीर्घकालीन रूपमा उनीहरूको आयआर्जन र देशको पुनर्निर्माण क्षमतामा पनि प्रभाव पार्छ। पढ्नका लागि पाएको सुरक्षित स्थानले बालबालिकालाई युद्धको अस्तव्यतस्तताका बेला सामान्य परिस्थिति तथा शान्त र नियमित जीवनको आभास दिन्छ।

**शिक्षाका लागि राष्ट्रसंघीय विशेष दूत** गोर्डन ब्राउन भन्नुहुन्छ, "विदयालयहरू माथि भइरहेको डरलाग्दो आक्रमण रोकिनै पर्छ। विद्यालय, कलेज र विश्वविद्यालयहरूमा हुने आक्रमण भनेका मानवताविरोधी अपराधहरू हुन् भन्ने सन्देश हामीले दिनु पर्छ। शिक्षण संस्थाहरू सुरक्षित क्षेत्र हुन्।" सुरक्षित विद्यालय घोषणापत्रलाई "अब सबै देशहरूले समर्थन गर्नुपर्छ।" उहाँ भन्नुहुन्छ।

Global Coalition to **Protect Education from Attack**

GCPEA

यो घोषणापत्रलाई समर्थन गर्ने देशहरू के के काम गर्नमा सहमत भएका हुन्?

यो घोषणापत्रमा आबद्ध देशहरूले आफ्ना विद्यार्थी, शिक्षक, विद्यालय र विश्वविद्यालयहरू आक्रमणमा पर्ने सम्भावनालाई कम गराउने र आक्रमण भएमा त्यसको नकारात्मक असर कम गराउने खालका सामान्य कदमहरू चाल्न प्रतिबद्धता व्यक्त गर्छन्।

उक्त कदमहरू निम्नानुसार छन्:

- विद्यालय र विश्वविद्यालयहरूको सैन्य प्रयोग र तिनमा भएका आक्रमणसित सम्बन्धित विश्वसनीय तथ्याङ्कहरू सङ्कलन गर्ने;
- आक्रमणको शिकार भएका व्यक्तिरूलाई सहयोग उपलब्ध गराउने;
- राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनहरूको उल्लङ्घन भएका आरोपहरूको छानबिन गर्ने र उपयुक्त भए दोषीहरूलाई कानूनी कारवाही गर्ने;
- शिक्षामा ‘द्वन्द्व संवेदनशील’ दृष्टिकोणको विकास र प्रवर्द्धन गर्ने
- सशस्त्र द्वन्द्वका बेला पनि शिक्षालाई निरन्तरता दिने प्रयास गर्ने;
- बालबालिका र सशस्त्र द्वन्द्व विषयक संयुक्त राष्ट्रसंघका कामहरूलाई सहायता गर्ने, र
- *सशस्त्र द्वन्द्वका बेला विद्यालय र विश्वविद्यालयहरूको सैन्य प्रयोगबाट संरक्षण गर्नका लागि बनेको निर्देशिका*को प्रयोग गर्ने र त्यसलाई सम्भव र उपयुक्त भएसम्म राष्ट्रिय नीति तथा कार्यान्वयनको ढाँचामा ल्याउने।

२०१६ को अगस्टमा **अफ्रिकी युनियन** को शान्ति र सुरक्षा परिषदले “सुरक्षित विद्यालय घोषणापत्रमा हस्ताक्षर गर्न बाँकी रहेका/भएका सबै सदस्य राष्ट्रलाई हस्ताक्षर गर्न प्रोत्सन गरेको छ।”

यो घोषणापत्र सहकार्य र आदानप्रदान गर्ने एउटा ढाँचा पनि हो र यसका समर्थक राष्ट्रहरूले घोषणापत्रको कार्यान्वयन र *निर्देशिका*को प्रयोगको समीक्षा गर्न नियमित रूपमा बैठक गर्नका लागि सहमति जनाउँदछन्।

जुन २०१५ मा संयुक्त **राष्ट्रसंघीय सुरक्षा परिषद**ले “गम्भीर चासो व्यक्त गर्दै” भनेको छ, “सम्बन्धित अन्तर्राष्ट्रिय कानूनको खिलाफ हुनेगरी भएको विद्यालयको सैन्य प्रयोगका कारण विद्यालयहरू आक्रमणका तर्कसङ्गत निशाना बन्न सक्छन् र त्यसबाट बालबालिकाको सुरक्षामा प्रतिकूल असर पर्नसक्छ।” त्यसका साथै “सबै सशस्त्र बल र सशस्त्र समूहहरूलाई विद्यालयहरूको प्रयोग गर्न नदिनका लागि ठोस कदम अपनाउन” सदस्य राष्ट्रहरूलाई प्रोत्साहित गरेको छ।

कुनै पनि देशले घोषणापत्रमा समर्थन कसरी जनाउन सक्छ?

हाल यस घोषणापत्रको सहमतिको सम्पर्क निकाय नर्वेजियन सरकार रहेको छ। कुनै पनि राष्ट्रले कुनै पनि समयमा सार्वजनिक वक्तव्य जारी गरेर, दूतावास वा स्थायी नियोग मार्फत, वा नर्वेजियन परराष्ट्र मन्त्रालयको ठेगाना Seksjon.for.humanitaere.sporsmal@mfa.no र kjnn@mfa.no मा सीधै इमेल पठाएर आफ्नो सहमति जनाउन सक्छन्।

**युनेस्कोका महानिर्देशक** इरिना बोकोभा तथा **शान्ति र मेलमिलापका लागि युनेस्कोका विशेष दूत** फरेस्ट ह्विटकरले राज्यहरूलाई विद्यालय र विश्वविद्यालयहरूलाई संरक्षण गर्ने राजनीतिक प्रतिबद्धता ensure गर्न गरेको प्रयत्नलाई थप गर्न एवं सुरक्षित विद्यालय घोषणापत्रमा सहभागी हुन आह्वान गर्नुभएको छ।

*निर्देशिका*ले के भन्छ?

*सशस्त्र द्वन्द्वमा विद्यालय र विश्वविद्यालयहरूको सैन्य प्रयोगबाट संरक्षण गर्न बनेको निर्देशिका*ले सशस्त्र द्वन्द्वका पक्षहरू (राज्यको सशस्त्र फौज र राज्यइतर सशस्त्र समूह) लाई कुनै पनि सैन्य प्रयत्नमा सहयोग पुऱ्याउने कुनै पनि कार्यका लागि विद्यालय र विश्वविद्यालयहरूको प्रयोग नगर्न आग्रह गर्छ। *निर्देशिका* को एउटा मुख्य उद्देश्य सशस्त्र फौज र समूहहरूको प्रयोगबाट विद्यालय र विश्वविद्यालयहरूलाई सैनिक प्रयोजनका लागि उपयोग गर्न नदिएर आक्रमणका संभावित विनाशकारी नतिजाहरूबाट बचाउनु हो। केही निश्चित प्रकारका प्रयोगहरू सशस्त्र द्वन्द्वको कानूनको प्रतिकूल नहुन सक्छन् भन्ने कुरा स्वीकार गरिए तापनि विद्यार्थीको सुरक्षा र पढाइमा प्रतिकूल असर नपरोस् भनेर सुनिश्चित गर्न उत्तरदायी अभ्यासका लागि *निर्देशिका*लाई आधार मानेर सबै पक्षहरूले प्रयत्न गर्नुपर्छ।

*निर्देशिका* व्यावहारिक रूपमा हासिल गर्न सकिने कुराहरूमा आधारित छ। यसले सशस्त्र द्वन्द्वका पक्षहरू व्यावहारिक समाधान चाहिने विविध किसिमका जटिल अन्तर्द्वन्द्वहरूको सामना गरिरहेका हुन्छन् भन्ने कुरा स्वीकार गरेको छ। *निर्देशिका*ले सशस्त्र द्वन्द्वका समयमा भएका सैनिक कारवाहीका क्रममा विद्यालय र विश्वविद्यालयहरूको संरक्षणका लागि केही पक्षहरूले पहिलेदेखि नै अपनाएका असल अभ्यासहरूलाई पनि समेटेको छ।

यो *निर्देशिका*को विकास ग्लोबल कोअलिशन टु प्रोटेक्ट एजुकेशन फ्रम अट्याक (Global Coalition to Protect Education from Attack) ले नेतृत्व गरेको प्रक्रियामा भएको थियो, र यसलाई परराष्ट्र, रक्षा, र शिक्षा मन्त्रालयहरू, सशस्त्र फौजहरू, रेडक्रसको अन्तर्राष्ट्रिय समिति, नागरिक समाजहरू, विद्वत्वर्गहरू सितको कैयन् वर्षको परामर्शबाट तयार पारिएको थियो। २०१२ मा शुरू भएको यो काम नर्वे र अर्जेन्टिनाको नेतृत्वमा २०१४ मा समाप्त भएको थियो।

**बाल अधिकारका लागि राष्ट्रसंघीय समिति**ले “विद्यालयहरूलाई शान्तिक्षेत्र तथा बौद्धिक उत्सुकता र विश्वव्यापी मानवअधिकार प्रतिको सम्मानको स्थलका रूपमा राख्नका लागि सैनिक आक्रमण र लडाकूहरूबाट कब्जा हुनबाट संरक्षण गर्ने आफ्ना उत्तरदायित्व पूरा गर्न... ” राष्ट्रहरूलाई आग्रह गरेको छ।

*निर्देशिका*ले हासिल गर्न चाहेको कुरा के हो?

यो *निर्देशिका*लाई कानूनीरूपमा बाध्यकारी बनाउन खोजिएको होइन, तर यसले विद्यमान अन्तर्राष्ट्रिय मानवतावादी र मानवअधिकार कानूनकै पूरकका रूपमा काम गर्छ। *निर्देशिका*ले कानूनमा कुनै परिवर्तन गर्दैन- खाली अभ्यास र व्यवहारमा परिवर्तनका माध्यमबाट विद्यमान कानूनको पालनालाई सहयोग पुर्याउँछ। यसको प्रयोग विद्यालयहरूको सैनिक प्रयोगबारे सशस्त्र द्वन्द्वका पक्षहरूमा चेतना जगाउन तथा द्वन्द्वका बेला सैनिक बल, सरकार र गैसरकारी संस्थाहरूका बीच सुरक्षा तथा शिक्षाजस्ता व्यापक मुद्दाहरूमा हुने छलफललाई सहजीकरण गर्नका लागि आवश्यक साधनका रूपमा गर्ने उद्देश्य राखिएको छ। यो *निर्देशिका*ले सैनिक नीति र सिद्धान्तमा संयोजन तथा असल अभ्यासहरूको प्रयोग मार्फत विद्यालय र विश्वविद्यालयहरूको सैनिक प्रयोग सम्बन्धी धारणा/मनस्थिति परिवर्तन गर्न प्रोत्साहन गर्छ भन्ने आशा लिइएको छ। *निर्देशिका*को कार्यान्वयन सन्दर्भअनुसार र प्रत्येक राज्यको आवश्यकता अनुकुल गरिनु पर्दछ।

**अन्तर्राष्ट्रिय रेडक्रस कमिटी**ले भनेको छ, "अन्तर्राष्ट्रिय रेडक्रस कमिटीले *निर्देशिका*को विषय वस्तु लेख्न सहयोग गरेर *निर्देशिका*को मस्यौदाको प्रक्रियालाई मद्दत गरेको छ। हामीलाई थाहा छ, *निर्देशिका* आफैँमा कानूनीरूपमा वाध्यकारी छैन र यसले कुनै पनि विद्यमान कानूनमा कुनै परिवर्तन गर्दैन। हाम्रो विचारमा यो अभ्यासमा परिवर्तन गरी विद्यालय र विश्वविद्यालयहरूको सैन्य उद्देश्यको प्रयोगमा कमी ल्याउने प्रयास हो। हामीले सुरक्षित विद्यालय घोषणापत्रको मस्यौदालाई पनि यसरी नै हेरेका छौँ। हामीलाई लाग्छ, सैनिक परिचालनको योजना र कार्यान्वयनमा लागेका व्यक्ति र संस्थाहरूलाई शिक्षण संस्थाहरूको सैन्य प्रयोग र तिनलाई लक्षित गर्ने-नगर्ने निर्णयकाबारे *निर्देशिका*ले महत्त्वपूर्ण र व्यावहारिक मार्गदर्शन गर्छ। त्यसैले हामी आफ्ना कर्मचारीहरूलाई पनि सन्दर्भ सामग्रीका रूपमा *निर्देशिका*को प्रयोग गर्न प्रोत्साहित गर्छौँ र सक्रियतापूवर्क आफ्ना प्रतिनिधिहरूलाई *निर्देशिका* बाँडेका छौँ।"

केही देशहरूले घोषणापत्रको कार्यान्वयन कसरी गर्दैछन्?

धैरै देशहरूले अहिले नै सुरक्षित विद्यालयसम्बन्धी प्रतिबद्धताहरूको कार्यान्वयन गरिसकेका छन् र यसको सकारात्मक प्रभाव पनि देखिन थालेको छ। केही उदाहरणहरू यसप्रकार छन्-

- घोषणापत्रमा अनुमोदन गर्ने चिले, इटाली, लक्जम्बर्ग, न्यूजिल्यान्ड, नर्वे र स्लोभानिया लगायतका कैयन् राष्ट्रहरूले *निर्देशिका*को प्रयोग र कार्यान्वयन गर्नका लागि स्पष्ट योजना बनाएका छन्।
- मध्य अफ्रिकी रिपब्लिक ले घोषणापत्रमा अनुमोदन गरेपछि त्यहाँ कार्यरत राष्ट्रसंघीय शान्तिस्थापना मिसनले *निर्देशिका*को पाठमा आधारित एउटा निर्देशन जारी गर्‍यो, जसमा भनिएको थियो, "द्वन्द्वको कुनै पक्षले कुनै पनि विद्यालय वा विश्वविद्यालयको प्रयोग गर्न पाउनेछैन।" उनीहरूले त्यसपछि सशस्त्र समूहरूले कब्जा गरेका विद्यालयहरू खाली गराउने प्रयत्न जारी राखेका छन्।
- अफगानिस्तानका शिक्षा मन्त्रीले घोषणापत्र र *निर्देशिका*को अनुमोदनलाई विद्यालय र शैक्षिक स्थलहरूबाट सैनिक चौकी र आधारहरू हटाउनका लागि आवाज उठाउन प्रयोग गरेका छन्।
- अनुमोदन गर्ने देशहरूले विद्यालयमा भएका आक्रमण र सैनिक प्रयोगसित सम्बन्धित भरपर्दा तथ्याङ्क जुटाउन सहायता पुर्‍याएका छन्। उदाहरणका लागि, अनुमोदन गर्ने देशहरूले सशस्त्र द्वन्द्वका स्थितिमा बालअधिकारको गम्भीर उल्लङ्घन भएको अवस्थामा काम गर्न ग्लोबल एजुकेशन क्लस्टर तथा मोनिटरिङ एन्ड रिपोर्टिङ मेकानिजम- एमआरएम) (Global Education Cluster and the Monitoring and Reporting Mechanism - MRM) लाई मदत पुर्‍याइरहेका छन्।

- शिक्षामा द्वन्द्व संवेदनशील दृष्टिकोणको  विकास, अङ्गीकार र प्रवर्द्धन गर्ने प्रतिबद्धतासित सम्बन्धित विषयमा दक्षिण सुडानको शिक्षा मन्त्रालयले आफ्नो नीतिमा द्वन्द्व संवेदनशील शिक्षालाई समावेश गर्नका लागि युनिसेफ र युनेस्कोसित मिलेर काम गरिरहेको छ।
- सशस्त्र द्वन्द्वका बेला शिक्षाको निरन्तरता सुनिश्चित गरेको उदाहरणका रुपमा  नाइजरमा असुरक्षाका कारण विद्यालय जान नसक्ने बालबालिकाका लागि रेडियो कार्यक्रममार्फत वैकल्पिक शिक्षा दिइनुलाई लिन सकिन्छ।
- नाइजेरियाले विद्यालय सुरक्षाका लागि विद्यालय वरिपरि खावा खन्ने, विद्यालय हाताभरि सुरक्षा बत्तीहरू जडान गर्ने, गाडीबाट र पैदल सुरक्षा गस्तीका लागि सशस्त्र सैनिक तैनाथ गर्ने, पहुँचमार्गहरूमा अवरोध राख्ने जस्ता कैयन् उपायहरू अवलम्बन गरिरहेको छ। यसमा *निर्देशिका*मा भनिएझैँ विद्यालयभित्र सैनिक उपस्थितिले बालबालिकालाई जोखिममा पार्न सक्छ भन्ने कुरा आत्मसाथ गरेर पहुँचमार्गको अवरोध विद्यालय हाताभित्र भन्दा पनि विद्यालयको वरिपरिको क्षेत्रमा राखिएको छ।
- अनुमोदन गर्ने कैयन् राष्ट्रहरूले द्वन्द्वमा बाल संरक्षण र शिक्षाका क्षेत्रमा काम गर्ने युनिसेफ र सेभ द चिल्ड्रेन (Save the Children) जस्ता संस्थालाई सहयोग गरेका छन्।
- अनुमोदन गर्ने राष्ट्रहरूले संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद् तथा संयुक्त राष्ट्रसंघका महासचिवका सशस्त्र द्वन्द्व र बालबालिकाको मामिला हेर्ने विशष प्रतिनिधि (SRSG) लगायत अरू उपयुक्त संयुक्त राष्ट्रसंघिय निकायहरूका  प्रयत्नहरूलाई सहयोग गरेका छन्, जुन घोषणापत्रको अर्को प्रतिबद्धता हो।  एसआरएसजी (SRSG) को कामलाई सहयोग गर्ने एउटा उपाय भनेको उसको कार्यालयलाई आर्थिक सहयोग उपलब्ध गराउने हो, जुन काम, उदाहरणका लागि, लक्जम्बर्ग र स्पेनले गरेका छन्।
- अनुमोदन गर्ने देशहरूले बालबालिका र सशस्त्र द्वन्द्व तथा गैरसैनिक जनताको संरक्षण विषयक छलफलहरूमा निरन्तर रूपमा घोषणापत्र र *निर्देशिका*को कुरा उठाएका छन्।
- २०१५ मा सुरक्षा परिषद्ले मलेसियाको अध्यक्षतामा, र अङ्गोला, चाड, चिले, जोर्डन, न्यूजिल्यान्ड, नाइजेरियानाइजिरिया तथा स्पेन जस्ता अनुमोदन गर्ने देशहरूको सहयोगमा रेजल्युशन २२२५ अङ्गीकार गऱ्यो। उक्त रिजोलुशनमा सुरक्षा परिषद्ले अन्तर्राष्ट्रिय कानूनको विपरित विद्यालयहरूको सैन्य प्रयोगले विद्यालयलाई आक्रमणका तर्कसङ्गत निशाना बनाउन सक्ने हुनाले त्यसबाट बालबालिकाको सुरक्षा पनि जोखिममा पर्न सक्छ भनेर गम्भीर चासो व्यक्त गऱ्यो। यस (रेजल्युशन २२२५) ले राज्यहरूलाई सशस्त्र सेना र समूहबाट विद्यालयलाई यस्ता प्रयोग हुनबाट रोक्नका लागि ठोस कदम लिन पनि प्रोत्साहित गऱ्यो।
- अनुमोदन गर्ने देशहरूले घोषणापत्र र *निर्देशिका*को कार्यान्वयनको समीक्षा तथा अभ्यासहरूका बारेमा अनुभव आदानप्रदान गर्न नियमितरूपमा बैठक गर्ने प्रतिबद्धता पनि व्यक्त गरेका छन्। नोभेम्बर २०१६ मा नर्वे, सिएरा लियोननर्बे, सिरियालियोन र जाम्बियाले अफ्रिकी युनियनका देशहरूमा *निर्देशिका*को कार्यान्वयन सम्बन्धी संयुक्त रुपमा क्षेत्रीय कार्यशालाको आयोजना गरे। त्यहाँ घोषणापत्र समर्थन गर्ने १७ वटा अफ्रिकी युनियनका देशहरूमध्ये १४ वटाका रक्षा तथा शिक्षा मन्त्रालय, तथा राष्ट्रिय सशस्त्र बलका प्रतिनिधिहरूले भेटघाट गरेर आ-आफ्ना अभ्यास तथा अनुभवहरू आदानप्रदान गरे।

२०१६ मा विश्वभरका द्वन्द्वग्रस्त देशहरूमा काम गरिरहेको **एजुकेशन क्लस्टर**का सदस्यहरूमा गरिएको एउटा सर्वेक्षणमा सुरक्षित विद्यालय घोषणापत्रलाई द्वन्द्वका बेला शिक्षाको निरन्तरता सुनिश्चित गर्ने आफ्नो काममा सबभन्दा धैरै पटक "धैरै उपयोगी" भनेको पाइएको थियो।

राज्यइतरका सशस्त्र समूहहरूसित काम गर्न किन जरूरी छ?

सुरक्षित विद्यालय घोषणापत्र एउटा राजनीतिक दस्तावेज हो जसले सशस्त्र द्वन्द्वका बेलामा शिक्षालाई व्यापक राजनीतिक संरक्षण प्रदान गर्छ र *निर्देशिका*लाई औपचारिकरूपमा अनुमोदन गर्छ। *निर्देशिका* आफैँमा चाहिँ सबैका लागि उपलब्ध एउटा व्यावहारिक सामग्री हो। *निर्देशिका*को प्रयोग वा कार्यान्वयन सुरक्षित विद्यालय घोषणापत्रको संरचना बाहिरका रूचि राख्ने जोकोहीले पनि, (उदाहरणका लागि, राज्यइतरका सैनिक सङ्गठन) गर्नसक्छ।

यो *निर्देशिका*ले राज्यको सशस्त्र बललाई मात्र नभई द्वन्द्वमा युद्धरत सबै पक्षहरूलाई समेट्छ। आजभोलि धैरै सशस्त्र द्वन्द्वहरू अन्तर्राष्ट्रिय नभई आन्तरिक हुन्छन् र तिनमा राज्यइतरका सशस्त्र सङ्गठनहरू संलग्न हुन्छन्। त्यसैले सबै राज्यइतरका सशस्त्र सङ्गठनहरूले *निर्देशिका*का बारेमा जान्न र यसलाई आफ्नो सैनिक नियममा समावेश गर्न जरूरी छ। राज्यइतरका सशस्त्र समूहहरूले अन्तर्राष्ट्रिय मानवीय कानूनको पालना गरेको सुनिश्चित गर्ने उद्देश्यले उनीहरूसित काम गर्ने जेनेभा कल नामक संस्थाले सिरियाका प्रतिपक्षी समूहका सदस्यहरू लगायत  अरू राज्यइतरका सशस्त्र पक्षहरूलाई विद्यालयहरूलाई आक्रमण र सैनिक प्रयोगबाट कसरी जोगाउने भन्ने बारे तालीम दिइरहेको छ।

**इन्टर अमेरिकन कमिशन अन ह्युमन राइट्स** ले भनेको छ, "विद्यालयहरूले बालबालिकाका आश्रयको भूमिका निर्वाह गर्नुपर्छ र उनीहरूलाई संरक्षण प्रदान गर्नुपर्छ। त्यसैले सैनिक उद्देश्यका लागि विद्यालयहरूको प्रयोग भएमा त्यसले विद्यार्थीलाई आक्रमणको जोखिममा पुऱ्याउँछ र उनीहरूको शिक्षाको अधिकारलाई कुण्ठित तुल्याउँछ।"

विद्यार्थी**,** शिक्षक**,** विद्यालय र विश्वविद्यालयहरूमा किन आक्रमण हुन्छ?

राज्यइतरका सशस्त्र समूह/ र सरकारी सशस्त्र बलहरूले विद्यार्थी, शिक्षक, विद्यालय र विश्वविद्यालयहरूलाई आक्रमण गर्नुका कारण धैरै छन्, जस्तैः

- सरकारी नियन्त्रणको प्रतीकलाई नष्ट गर्न वा कुनै क्षेत्र विशेषमा सरकार विरोधी समूहको नियन्त्रण रहेको देखाउन;
- बालिकाहरूको पढाइलाई अवरूद्ध गर्न, वा कुनै किसिमको शिक्षाले पराई धार्मिक र सांस्कृतिक मूल्य मान्यता, पूर्वाग्रही इतिहास वा अपरिचित भाषा सिकाएको ठानेर त्यसलाई रोक्न;
- शिक्षकहरूको ट्रेड युनियन गतिविधितथा प्राज्ञिक स्वतन्त्रतामाथि रोक लगाउन;
- बालबालिकालाई लडाकू, यौनदासदासी वा सैनिक परिचालनका बेला कामदारका रूपमा प्रयोग गर्न वा फिरौतीका लागि शिक्षक र विद्यार्थीको अपहरण गर्न;
- विद्यालय वा विश्वविद्यालयलाई प्रतिपक्षीहरूले सैनिक प्रयोजनका लागि प्रयोग गरेकाले;
- जथाभावी वा असन्तुलित आक्रमणका कारण।

नोभेम्बर २०१५ मा संयुक्त **राष्ट्रसंघको साधारणसभा**ले "विद्यालय र विद्यालयका विद्यार्थी र शिक्षकहरूलाई सशस्त्र द्वन्द्वका बेला आक्रमणबाट संरक्षण दिनका लागि आवश्यक उपायहरू अपनाउन र विद्यार्थीको शिक्षाको पहुँचमा बाधा पुर्याउने केही पनि काम नगर्न" सबै देशहरूलाई आह्वान गर्‍यो।

विद्यालय वा विश्वविद्याललाई सैनिक उद्देश्यका लागि कसरी प्रयोग गरिन्छ?

सशस्त्र द्वन्द्वका बेला विद्यालय वा विश्वविद्यालयहरूलाई सशस्त्र बल वा राज्यइतर सशस्त्र समूहहरूले आफ्नो आधार, छाउनी, अस्थायी आश्रय, आक्रामक र प्रतिरक्षात्मक चौकी वा निगरानी स्थल, हतियार भण्डार वा कैदखाना वा सोधपुछ केन्द्रका रूपमा प्रयोग गर्छन्। कक्षाकोठा, खेल मैदान, हल आदिलाई सैनिक तालीम र बालबालिकालाई बलजफ्ती सशस्त्र समूहमा भर्ती गर्नका लागि प्रयोग गरिन्छ। कहिलेकाहीँ सिङ्गै विद्यालय वा विश्वविद्यालय कब्जा गरिन्छ र विद्यार्थीहरूलाई हटाइन्छ। अरूबेला भने सैनिक प्रयोजनका लागि शैक्षिक सुविधाहरूलाई आंशिकरूपमा मात्र कटौती गरिएको हुन्छ।

**राष्ट्रसंघीय शान्तिस्थापना विभाग**ले सैनिक बटालियनहरूलाई "बालबालिकालाई खतराजनक परिस्थितिमा पुर्‍याउनु हुन्न" र "विद्यालयहरूलाई सैनिक उद्देश्यका लागि प्रयोग गर्नुहुन्न" भनेर सुनिश्चित गर्न अनिवार्य गराएको छ।

विद्यालय वा विश्वविद्यालयलाई सैनिक उद्देश्यले प्रयोग गर्दाका परिणाम के हुन्?

विद्यालय भित्र सैनिक र हतियारको उपस्थितिले त्यस ठाउँलाई विपक्षी सैनिकहरूबाट आक्रमणका लागि निशाना बनाइदिन सक्छ। आक्रमणहरूबाट हुने गम्भीर चोटपटक र मृत्युको जोखिम त छँदैछ, विद्यार्थीहरू फौजमा भर्ती अथवा सैनिकहरूबाट हुने यौन दुर्व्यवहार आदिको शिकार पनि हुनसक्छन्। उनीहरूले हिंसा देख्छन् र हातहतियार र नपड्किएका विष्फोटक पदार्थहरूबट उनीहरूको सुरक्षा जोखिममा पर्न सक्छ। यस्ता जोखिमपूर्ण परिस्थितिहरूबाट विद्यार्थी र शिक्षकहरूमा गम्भीर मनोवैज्ञानिक असर पर्नसक्छ। सैन्य प्रयोजनले विद्यालयहरूको प्रयोग भएमा पूर्वाधारहरू भत्किन वा मासिन र शैक्षिक सामग्रीहरू हराउन सक्छन्, र यसबाट समग्रमा शिक्षाको गुणस्तरमा असर पर्नसक्छ। आईएएससी ग्लोबल एजुकेशन क्लस्टर (ASC Global Education Cluster) को अनुमान अनुसार दक्षिण सुडानमा सैन्य प्रयोगबाट क्षति भएका विद्यालयहरूको सरदर मर्मत खर्च प्रति विद्यालय ६७,००० डलर थियो। विद्यालयको सैन्य प्रयोगले त्यहाँको भर्ना दर र उतीर्ण दर घट्न सक्छ। शिक्षकहरू बढ्दो मात्रामा अनुपस्थित हुनसक्छन्। विद्यार्थीहरूबीचैमा पढाइ छोड्नसक्छन्, वा पढाइ बिथोलिएको कारण अर्को विद्यालयमा सर्नसक्छन् र त्यहाँ विद्यार्थीको चाप बढ्न जान्छ। यसबाट बालिकाहरूको पढाइ बढि बिग्रिन्छ किनभने विद्यालयमा हातहतियारधारी व्यक्तिहरू भएमा अभिभावकहरू छोरीलाई विद्यालय पठाउन नै चिन्तित हुन्छन्।

विद्यालयहरूको सैन्य प्रयोगले सशस्त्र बलहरूलाई पनि उल्लेखनीय हानी गर्छ। सैनिकद्वारा भएको विद्यालयहरूको प्रयोगलाई स्थानीय समुदायदेखि अन्तर्राष्ट्रिय समुदायसम्मले स्थानीय बालबालिका तथा शिक्षाका प्रयत्नहरू माथिको दुर्व्यवहार मान्छ। यसलाई विपक्षी शक्तिहरूले नकारात्मक प्रचारको विषय बनाउँछन्। त्यस बाहेक, संयुक्त राष्ट्रसंघिय सुरक्षा परिषद्को अनुगमन तथा रिपोर्टिङ संयन्त्र स्थापना भएका देशमा विद्यालयहरूलाई सैनिक उद्देश्यले प्रयोग गर्ने समूहहरूका बारेमा बालबालिका र सशस्त्र द्वन्दमा

Global Coalition to **Protect Education from Attack**

GCPEA

सुरक्षा परिषद्को बारे राष्ट्रसंघका महासचिवको वार्षिक प्रतिवेदनमा उल्लेख हुन्छ। यसबाट यस्ता समूहहरू सार्वजनिक रुपमा नकारात्मक ध्यानाकर्षण हुन्छ र थप अन्तर्राष्ट्रिय प्रतिक्रिया प्राप्त हुन सक्छ।

शिक्षाको संरक्षणको इतिहास लामो छ। ईश्वी ३३३ मा रोमन सम्राट कन्स्ट्यानटिले साहित्यका प्राध्यापकहरूलाई "उनीहरूले अझ धेरै स्वतन्त्रतापूर्वक धेरैलाई सामाजिक विषयहरूको तालीम दिन सकून्" भनेर अनिवार्य सैनिक सेवाबाट उन्मुक्ति दिएका थिए।

ग्लोबल कोअलिशन टु प्रोटेक्ट एजुकेशन फ्रम अट्याक (Global Coalition to Protect Education from Attack) के हो?

द्वन्द्व र असुरक्षाबाट ग्रसित मुलुकहरूका शैक्षिक संस्थाहरू र तिनका विद्यार्थी र कर्मचारीहरूमा निरन्तर भइरहेको आक्रमणप्रति चिन्तित एवं सङ्कटकालीन तथा द्वन्द्वग्रस्त कमजोर अवस्थामा रहेका मुलुकहरूको शिक्षा, उच्चशिक्षा, संरक्षण, अन्तर्राष्ट्रिय मानवअधिकार, तथा अन्तर्राष्ट्रिय मानवीय कानूनका क्षेत्रमा कार्यरत संस्थाहरूबाट २०१० मा ग्लोबल कोअलिशन टु प्रोटेक्ट एजुकेशन फ्रम अट्याक- जीसीपीईए (Global Coalition to Protect Education from Attack- GCPEA) को स्थापना भएको हो। जीसीपीईएमा निम्न अन्तर्राष्ट्रिय संस्थाहरू आबद्ध छन्: सीएआरए (CRCA- काउन्सिल फर एट-रिस्क एकेडेमिक्स) , ह्युमन राइट्स वाच (Human Rights Watch), इन्स्टिच्युट अफ इन्टरनेशनल एजुकेशन/IIE (Institute of International Education), स्कलर रेस्क्यु फण्ड (Scholar Rescue Fund), नर्वेजियन रेफ्युजी काउन्सिल (Norwegian Refugee Council), प्रोटेक्ट एजुकेशन इन इनसेक्युरिटी एन्ड कन्फ्लिक्ट (Protect Education in Insecurity and Conflict), द नर्वेजियन स्टुडेन्ट्स एन्ड एकेडेमिक्स इन्टरनेशनल असिस्टेन्स फण्ड- एसएआईएच (the Norwegian Students' and Academics' International Assistance Fund- SAIH), सेभ द चिल्ड्रेन (Save the Children), स्कलर्स एट रिस्क नेटवर्क (Scholars at Risk Network), युनेस्को, यूएनएचसीआर, युनिसेफ तथा वार चाइल्ड हल्यान्ड (War Child Holland) । जीसीपीईए, द टाइड्सटाइड सेन्टर (Tides Center) नामक गैरनाफामुखी **501(c)(3)** संस्थाको कार्यक्रम हो।

म थप जानकारी कहाँ पाउन सक्छु?

घोषणापत्र र *निर्देशिका*सित सम्बन्धित विविध प्रकारका स्रोत सामग्री ग्लोबल कोअलिशन टु प्रोटेक्ट एजुकेशन फ्रम अट्याक- जीसीपीईए (Global Coalition to Protect Education from Attack- GCPEA) को वेबसाइटमा, खासगरी यस पृष्ठमा उपलब्ध छन्:
www.protectingeducation.org/guidelines

*निर्देशिका*बारे थप बुझ्न र कार्यान्वयन गर्न मदत गर्न जीसीपीईए (GCPEA) तथा रोमियोडलेयर चाइल्ड सोल्जर्स इनिसिएटिभ्सद्वारा प्रकाशित टूलकिट यहाँ उपलब्ध छ:
http://www.protectingeducation.org/sites/default/files/documents/toolkit.pdf

Global Coalition to **Protect Education from Attack**

आक्रमणबाट शिक्षाको संरक्षण गर्न तथा विद्यालय र विश्वविद्यालयहरूलाई सैनिक उद्देश्यमा प्रयोग हुनबाट जोगाउनका लागि मन्त्रालयहरूको प्रयत्नलाई मार्गदर्शन गर्ने कार्यसूची यहाँ उपलब्ध छ: http://www.protectingeducation.org/sites/default/files/documents/what_ministries.pdf